कागेश्वरी मनोहरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(कृषि विकास शाखा)

डाँछी, काठमाडौं

बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१६६
०१-४४५०३५६

प.सं.: ०८१/८२

सूचना नं. ०६/०८१/८२ (कृषि विकास शाखा)

## माटो परिक्षणका लागि नमुना संकलन गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०८१/०८/०४

यस कागेश्वरी मनोहरा नगरपालिका, कृषि विकास शाखाको चालु आ.व.०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम "माटो जाँच शिविर २५ प्रतिशत राजश्व तथा अन्य व्यवस्थापन" अन्तर्गत कृषकहरुलाई निःशुल्क रुपमा माटो परिक्षण गरिने भएको हुँदा आफ्नो खेतबारीको माटो परिक्षण गर्न चाहनुहुने नगरपालिका भित्रका कृषक, कृषि फार्म, कृषक समूह तथा कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन (मिति २०८१/०९/०३ गते) कार्यालय समय भित्र आवश्यक माटोको नमुनामा स्पष्ट बुझिनेगरी देहायका व्यहोरा उल्लेख गरि यस शाखामा दर्ता गर्नुहुन सरोकारवाला सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै माटो परिक्षण नगर्ने कृषकवर्गलाई यस नगरपालिकाबाट ५० प्रतिशत अनुदानमा वितरण गरिने कृषि चुन उपलब्ध नगराउने व्यहोरा जानकारी गराईन्छ ।

माटोको नमुना साथमा अनिवार्य उल्लेख गर्नपर्ने व्यहोराहरु:

- कृषकको नाम, थर र ठेगाना
- नमुना लिएको जग्गाको किसिम:- खेत/बारी/पाखो/पानी जम्ने आदि
- नमुना लिएको मिति:
- यस अघि लगाईएको बाली र अब लगाउन चाहेको बालीको नाम:
- सिंचाईको उपलब्धता:
- सम्पर्क नम्बर:
- माटोको नमुना प्लाष्टिक वा कपडाको झोलामा हावा नछिर्ने गरि पोको पारि ल्याउनु पर्नेछ ।

❖ द्रष्टव्य:- माटोको नमुना लिने तरिका सम्बन्धी विस्तृत जानकारी सहितको पोष्टर यसै सूचना साथमा संलग्न गरिएको हुनाले सोहि बमोजिम गर्नुहुन अनुरोध छ, यस सम्बन्धी थप जानकारीको लागि यस नगरपालिका अन्तर्गत कृषि विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत



CamScanner